# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक ९, २०७९ आश्विन ४ मंगलवार (Jhuleni Post Weekly) 20 Sep. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


# प्यूठानमा फैलिँदै डेंगी संक्रमण

## प्यूठान अस्पताल हट-स्पोस्ट




**झुलेनी नेटवर्क**
**प्यूठान**

जिल्लामा पछिल्लो समय डेंगी रोग फैलिँदै गएको छ। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरुमा बिरामीको चाँप बढ्दै गएपछि स्वास्थ्य संस्थाहरु बिरामीले खचाखच छन्। तर, डेंगी परीक्षण गर्ने किट जिल्लामा अभाव छ।

स्वास्थ्य कार्यालय प्यूठानका निमित्त प्रमुख मदुसुधन खड्काले जिल्लामा आएको ५० वटा डेंगी परीक्षण किटबाट परीक्षण गर्दा ८ जनामा पोजिटिभ रिपोर्ट आएको जानकारी गराए। उनका अनुसार जिल्लाबाट परीक्षण गराएका थप १३ जना संक्रमति रहेका छन्। जिल्ला अस्पताल बिजुवारका निमित्त प्रमुख खिमप्रसाद पार्धे समेत डेंगी संक्रमित भएका छन्। उनलाई सोमबार परीक्षण गर्दा पोजिटिभ भेटिएको हो।

डेंगीका संक्रमित मध्ये जिल्ला अस्पातलका बिरामी बढि भएको स्वास्थ्य कार्यालय प्यूठानले जनाएको छ। सफा पानीमा हुने लामखुट्टेको टोकाइले डेंगीको संक्रमण फैलिने गरेको छ। यो वर्ष प्यूठानमा यसको संक्रमण उकालो लाग्ने क्रममा छ। एडिस एजिप्टाइ र एडिस एल्वीकिक्टस प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगी संक्रमण हुने निमित्त प्रमुख खड्काले जनाए। भाइरसजन्य यो रोगको विशिष्ट उपचार पद्धति विकास नभए पनि लक्षणको आधारमा डाक्टरको निगरानीमा उपचार गरे निको हुने खड्काको भनाइ छ। ज्वरो आउने, जोर्नी दुख्ने, टाउको दुख्ने, आँखाका गेडी दुख्ने, सामान्यतया बान्ता हुने, शरीर दुख्ने यस रोगका मुख्य लक्षण हुन्। यस्ता रोगी जिल्लामा धेरै भएपनि किट नभएका कारण परीक्षण नभएको स्वास्थय कार्यालयले जनाएको छ।

डेंगी कडा खालको ज्वरो भएकाले सतर्कता अपनाउनु पर्ने चिकित्सकको भनाई छ। राति सुत्दा झुलको प्रयोग गर्ने, घर वरपर रहेका पानी जमेका खाल्डाखुल्डी पुर्ने, गमला, गाडीका टायर लगायतका ठाउमा पानी जम्न नदिने घर वरपर सफा राखेमा पनि केही हदसम्म डेंगीबाट बच्न सकिने खड्काको भनाइ छ। कीट नहुँदा शंकास्पद बिरामीको परीक्षण हुन नसकेको स्वास्थ्य कार्यालयको भनाई छ। कीट अभावले केही दिनदेखि प्यूठानमा डेंगी परीक्षण नै हुन सकेको छैन्।

## जीवनको रङ्ग

# बुटिक कलामा रम्दै मनि



**सुजता थापा क्षेत्री (भण्डारी)**
**झुलेनी पोष्ट, प्यूठान**

फेशन डिजाइन र बुटिकले नङ र मासुको जस्तो सम्बन्ध कायम गरेको छ। फेसन डिजाइनिङ अहिले विश्वमै करिअर निर्माणका लागि आधार बनेको छ। आर्थिक अवसर, खुला परिवेश, अनि 'म पनि केही गर्न सक्छु' भन्ने महत्वाकांक्षा लिएर प्यूठानका महिलाहरु परम्परागत चुल्होचौको सँगसँगै उद्योग व्यवसायमा समेत सक्रिय हुन थालेका छन्।

फेशन डिजाइन र बुटिकको बढ्दो मागसँगै प्यूठानको विजुवारमा बुटिक व्यवसाय सञ्चालन गर्दै आएकी छिन् ३२ वर्षिय मनि रोका थापा मगर। उनी पछिल्लो समय एक सफल महिला लघुउद्यमीको रुपमा परिचित छिन्। प्यूठान नगरपालिका - ४ सेतीपोखरी निवासी मनिले सञ्चालन गरेको मनिविष्णु बुटिक एण्ड ट्रेनिङ सेन्टर पछिल्लो समय बुटिक पारखीका बीच लोकप्रिय बन्दै गएको छ।

फेशनको आधुनिक दुनियामा रमाउन चाहने पछिल्लो युवा पुस्तामाझ उनको बुटिक डिजाइन लोकप्रिय बन्दै गएको छ। पाँच वर्षअघि प्यूठान नपा ४ विजुवारमा करिब ३ लाखको लागतमा सञ्चालन गरेको व्यवसाय हाल साढे ५ लाखमा विस्तार गरेको झुलेनी पोष्टसँगको कुराकानीमा उनले बताइन्। आफु सँगै ३ जना महिलालाई समेत रोजगार प्रदान गरेकी छिन्।

परम्परागत पोशाक घलेक, चोली, साडी, लगायत ब्लाउज, लेहेङ्गा, कुर्ता सुरुवाल, झोला, सुर्केथैली, वेहुलीका कपडाका प्रकार, पास्नीको लागि भोटो

बाँकी ३ पेजमा

## हाम्रो नजर

# आहा ! सुन्दर मात्रे मन्दिर



*नौबहिनी गाउँपालिकाले निर्माण गरेको नौबहिनी ६ स्थित अर्धेरीको मात्रे मन्दिर पछिल्लो समय आन्तरिक पर्यटकको गन्तब्य बन्दै गएको छ। लुङ खोलाको बिचमा रहेको ठूलो ढुंगोमाथि आकर्षक मन्दिर, पुल, वनभोज स्थल निर्माण गर्न पालिकाले हालसम्म झण्डै ८५ लाख रुपैयाँ खर्च भएको जनाएको छ। नौबहिनी १ स्थित स्याउँलीबाङको नौबहिनी क्षेत्र मुख्य मुहान भएको लुङ खोलाले वर्षौं अघि बगाएर ल्याएको ढुंगा यहाँ सतिसाल झै अडेको छ। त्यस माथि पालिकाले आकर्षक मन्दिर बनाएको हो। यो क्षेत्रमा मात्रे देवता भनेर स्थानीयले वर्षदेखि पूजा गर्दथे। यही ढुंगालाई आधार बनाएर वारीपारी गर्ने फलामे पुल समेत निर्माण गरिएको छ। यसले यस क्षेत्रका स्थानीयलाई वारीपारी गर्न निकै सजिलो भएको छ। विशेष गरेर २०७४ सालमा निर्वाचित जनप्रतिनिधिको नजर परेर मात्रेको मन्दिर र पुल निर्माण थालिएको थियो। गेट निर्माण वनभोज स्थल निर्माण लगायत भौतिक पूर्वाधार निर्माण गर्न अझै बाँकी छ। यसमा नयाँ जनप्रतिनिधिको नजर समेत पुग्न जरुरी छ। नौबहिनी गाउँपालिकामा नौबहिनी क्षेत्र, कटबरा दह, लुङ, लुप्लुङको ऐतिहासीक देवाली, झुलेनी, लुप्लुङ ताल, खबाङको लालिगुरा'स रंगशाला लगायत पर्यटकीय गन्तव्यहरु छन्। नौबहिनी गाउँपालिकाको केन्द्र बहाने पुग्ने मुख्य सडक किनारको मात्रे मन्दिर पनि थप पर्यटकीय केन्द्र भएको छ। एक पटक सबै पुगौं आकर्षक मात्रे मन्दिर क्षेत्रमा।*

# अनाधिकृत व्यापारीलाई रोक्ने कस्ले?




*अनाधिकृत सडक व्यापारलाई पूर्णरुपमा निरुत्साहित गर्न उद्योगी व्यवसायीहरुको छाता संगठन प्यूठान उद्योग वाणिज्य संघ, प्यूठान नगर बजार क्षेत्रले माग गरेको छ। अनाधिकृत झोले कुम्ले, सडक व्यापार, तथा खुद्रा व्यापारलाई रोक्न, निरुत्साहित गर्न सम्बन्धित सरोकारवाला निकायले ध्यान नदिएको व्यापारीहरुको गुनासो छ। राज्यका हरेक निकायमा कर तिरेर व्यापार व्यवसाय गरि बसेकाहरुलाई यस्ता व्यापारीका कारण नोक्सान भइरहेको उनीहरुको गुनासो छ। अनाधिकृत सडक व्यापार, जिल्ला बाहिरबाट आउने अनाधिकृत खुद्रा व्यापार, झोलेकुम्ले व्यापारलाई स्थानीय सरकारले नै आवस्यक कानुन रोक्न पर्ने उनीहरुले माग गरेका छन्। राज्यलाई कर नतिरी व्यापार गर्ने छुट कसैलाई पनि छैन यसमा सरोकारवाला निकायको ध्यान जानुपर्छ।*

झुलेनी पोष्ट
सम्पादकीय....


# स्यालीबाङबासीको समस्या बुझ।

बाग्लुङ सीमाना जोडीएको दुर्गग नौबहिनी-१, को स्याउँलीबाङका स्थानीय अझैसम्म पनि यातायात नपुगेका कारण निकै दु:ख पाइरहेका छन् । हिउँदका केहि महिना गाडिमा यात्रा गरेपनि बर्खा लागेपछि उनीहरुलाई झण्डै ७ घण्टा पैदल हिड्न पर्छ । बर्खाको समयमा पैदल हिड्ने सडक पनि ठाउँठाउँमा पहिरोका कारण धेरै जोखिम हुन्छ । स्थानीयले स्याउँलीबाङ बासीलाई मात्र नभएर उत्तरी प्यूठानको खबाङ, लिघा, डाम्री बासीलाई समेत बहाने बजार झर्न बर्खामा निकै सास्ती हुन्छ । ठाउँ ठाउँमा जाने पहिरोको जोखिम मोल्दै पैदल हिड्न बाध्य हुनुपर्छ यस क्षेत्रका स्थानीय ।

जिल्लाका नेताहरुले स्याउँलीबाङ सडक पुऱ्याउने कुरा गर्न थालेको बर्षौं भयो । कार्यन्वयन नभएकाले सडक सपना स्थानीइको अधुरै छ । विशेषगरेर निर्वाचनको समयमा स्यालीबाङ सडक पुऱ्याउने कुरा निकै चर्कोरुपमा उठ्ने गर्छ । मंसिर ४ मा हुन थालेको निर्वाचन संगै पुन: स्याउलीबाङ सडकको कुरा उठ्न थालेको छ । हिजको गाविस, जिल्ला विकास हुंदै अहिले गाउपालिका, जिल्ला समन्वय समिति प्रदेश सांसद, संसघिय सांसद सबैले निकै गुलीयो संग स्याउलीबाङ सडक पुराउने कुरा गर्दै आए । तर, ठोसरुपमा कार्यान्यन नभएको यस क्षेत्रका स्थानीयको गुनासो निकै सुनिन्छ ।

नौबहिनी-६, बहाने स्थिते लाखाचौंर लुङखोलामा बर्षौंको प्रतिक्षापछि पुल बनेको छ । साविकको जिल्ला विकास समिति,पूर्वाधार विकास कार्यालय, सांसद क्षेत्र विकास कार्यक्रम र गाउँपालिकाको लागतमा स्याउँलीबाङ सम्म गत वर्ष हिउदमा सडक पुगेको थियो । बर्खा लागदा वित्तीकै अवरुद्ध भइहाल्यो । सडक नभएका कारण बर्खामा यहाका स्थानीय ज्वरो, रुघाखोकी लगायत बिरामी परे, जडीबुटी खाएर बस्न बाध्य छन् । बिमारले गालेमा गाउँमा मान्छे खोजेर डोली र डोकोमा बोकेर घण्टौं पैदल हिडेर उपचार गराउन लग्न पर्छ । गाउँको स्वास्थ्य चौकी पुग्न पनि उकालो ओरालो बाटो छ । जहाँ भेलले खाल्डाखुल्डी पारेको छ । भौगोलिक जटिलताले गर्दा स्वास्थ्यकर्मी पनि सबै बिरामीको घरमा पुग्न सक्दैननन् । यहाँका स्थानीयले नौबहनी गाउँपालिकाको केन्द्रमा पुग्न पनि मुस्कील छ । गम्भीर बिरामी परे उपचारको लागि बाहाने झर्ने हो । त्यहाँबाट रेफर गरे बल्ल अन्यत्र अस्पतालमा लैजान्छन् । सुत्केरी बेथाले च्यापे पनि गाडी चढ्न पाउंदैनन् ।

# निसानामा नाबालिग




सुमिना

***लिखित कानुन महिलाहरूका निम्ति उदार देखिए पनि त्यसको व्यावहारिक पाटो त्यति प्रभावशाली हुन सकिरहेको छैन । चाहे त्यो निर्मला हत्याकाण्ड होस् या दर्जनौं किशोरी बलात्कारका मुद्दा नै किन नहोऊन्, अझै पनि सुनुवाइविहीन छन् ।***

बलात्कारपछि हत्या गरिएकी तेह्र वर्षीया निर्मला पन्तको चीत्कारले नबिउँझिएको हाम्रो समाजमा किशोरीहरूलाई निसानामा पारेर बलात्कारको शस्त्रले हत्या र घायल बनाउने सिलसिला दिनानुदिन बढिरहेको छ। चाहे ती अङ्गिरा पासीहरू होऊन् या भागरथी भट्ट या सम्झना कामीहरू, जसको प्राणले नुहाइसकेको नेपाली समाज आज पनि किशोरी बलात्कारजस्तो संवेदनशील अपराधमाथि टेकेर विभिन्न हास्यव्यङ्ग्य, मनोरञ्जन र ट्रोल गर्न उद्यत छ। मरेकाहरूबाट पाठ सिकेर, जिउँदाहरूले गरिरहेको प्रतिरोधलाई प्रोत्साहन गर्नुको साटो बोलिरहेकाहरूलाई हतोत्साही बनाउने घृणित कार्यले बलात्कार साबित हुनका निम्ति निर्मला पन्तहरूको पुनरावृत्ति हुनुपर्छ भन्ने भाष्य निर्माण गरिरहेको देखिन्छ। अर्थात्, जो बाँचेर बोलिरहेका छन्, उनीहरू 'भिक्टिम' नभएर सुनियोजित पेसेवर बलात्कृत हुन् भन्ने नजिर स्थापित गर्न खोजिँदै छ। नाबालिग बलात्कारजस्तो संवेदनशील मुद्दामा अपराधीलाई प्रोत्साहित गर्ने अभिव्यक्ति केवल अभिव्यक्ति नभएर अपराध कार्यमा संलग्नता हो, जसले यौन हिंसाका पीडितहरूप्रति हदैसम्मको अनुदार बनेर घुमाउरो पारामा, बलात्कार गर्न पाउनुपर्ने, माग गरिराखेको स्पष्ट देखिन्छ। किशोरी बलात्कारको मुद्दामा उठिरहेका आरोपी बचाउको आवाज सानी बालिका गोमा ब्राह्मणीमाथि वयोवृद्ध शिव शर्माको शोषणलाई जायज ठहर गर्ने मानसिकताविरुद्धको अभियान सुरु हुँदाको छटपटी हो। सदियौंदेखि निरन्तर चलिरहेको अलिखित सामाजिक मान्यता भत्किँदाको चीत्कार हो, पुरुषवादी अहङ्कारमा द्‍याङ्ग्रो ठोक्दाको बरबराहट हो। जो जति जे जसरी कराइरहेका छन्, चिच्याइरहेका छन्, यी सबैका आ-आफ्नै दुःख छन्। आफ्नो पुरुष मानसिकतामा बाँचिरहेको नाबालिग-भोग गर्ने रहरमाथि एकाएक सङ्कट निम्तिँदाको पीडा हो त्यो।

**शोषणको संरचना**

यति बेला म नियालिरहेकी छु, स्वस्थानी व्रतकथाको त्यो अध्याय। सम्झिरहेकी छु गोमा-शिव शर्मा विवाह र कल्पना गरिरहेकी छु- कस्तो हुन्छ होला त्यो क्षण, जब वयोवृद्धसँग निकै नाबालिग छोरी सरसामान र दाइजोसहित अन्माएर पराईघर पठाइन्छ ! अनि विक्षिप्त हुन्छु, ती सानी बालिकाको मनोविज्ञान र जीवनमा भएको वज्रपात कल्पेर। भनिन्छ, सरकार लिखित कानुनका आधारमा चल्छ, तर समाज भने अलिखित मूल्यमान्यता र परम्पराद्वारा नियन्त्रित छ। काल्पनिक कथा नै भए पनि धर्म, संस्कृति या वैदिक साहित्य तत्कालीन समाजका प्रतिविम्बहरू हुन्। समाजलाई अनुशासन र नीतिनियममा हिँडाउन बनाइएका आचारसंहिता हुन्। यस आधारमा हामी आकलन गर्न सक्छौं, यी कथाहरू परिकल्पना मात्रै नभएर कुनै समय हाम्रो समाजले भोगेका जिउँदाजाग्दा घटनाहरूका प्रतिविम्ब पनि हुन् र त्यसै आधारमा तिनलाई समाजमा मान्य बनाउन कालान्तरसम्म अलिखित सामाजिक कानुनका रूपमा प्रयोग गरिँदै आइयो। त्यसका अवशेषहरू आजको समयमा पनि देखिन्छन्। समयक्रमसँगै केही सुधार भने अवश्य भएको छ, तर आज पनि सम्पत्तिको लोभलालचमा परेर या अन्य कारणले आफ्नै नाबालिग छोरीलाई वृद्धहरूसँग दाइजोसहित बिदाइ गर्ने अभिभावक जीवितै छन्। सामन्ती मानसिकताले ग्रस्त यस्ता पुरुषहरू धनसम्पत्तिको आडमा मर्ने बेलासम्म पनि किशोरीहरूको यौन शोषण गर्ने 'डिमान्ड' गरिरहन्छन्।



म फेरि सम्झिन्छु, यसकै अर्को निरन्तरता, ती फुलनदेवीलाई। वृद्धलाई पतिका रूपमा गर्नुपरेको वरण, सानैमा अनेकौं पुरुषबाट बारम्बार भोग्नुपरेको यौन शोषण, यसकै कारण उनमा पर्न गएको मनोवैज्ञानिक असर अनि उनले अवलम्बन गरेको विद्रोहको बाटो। यो सिलसिला त्यतिमै रोकिन्न। यसको पुस्तान्तरण आज पनि कायमै छ। समाजले निरन्तर फुलनहरूको पुनरुत्पादन गरिरहेकै छ। निर्मला पन्तहरूमाथि समवेदना प्रकट गर्न सक्ने समाज किन बाँचेर विद्रोह गरिरहेका फुलनहरूप्रति अवरोध तेर्स्याएर सधैंका लागि विद्रोहलाई वर्जित गर्न खोजिरहेको छ, बोल्नेहरूको मनोबलमाथि प्रहार गरिरहेको छ र लाञ्छना तथा चरित्रहत्याको पात्र बनाइरहेको छ ?

बालविवाह र बालिकासँगको यौन सम्बन्ध कानुनतः वर्जित भए पनि व्यवहारमा भने समाजले आज पनि यसकै फन्को मारिरहेको छ। खास गरी विकट ग्रामीण भेगका विपन्न परिवारहरूमा सोह्र वर्षमै छोरीलाई विवाह गरी पराईघर पठाउन

बाँकी ७ पेजमा


## सडक डिभिजन कार्यालय जसपुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।

अनुरोधक :
सडक डिभिजन कार्यालय जसपुर, प्यूठान ।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्युठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# शिक्षा पहिलो प्राथमिकतामा किन पर्दैन ?

**शिक्षा किन सुध्रिएन ? देश समृद्ध किन भएन भन्ने प्रश्नको उत्तर खोज्न विद्यालय जानुपर्छ । पिएचडी होल्डरका थेसिस, एन्टी थेसिस र सिन थेसिस पछि पद्म्ला । पहिले हरेक राजनीतिकर्मी, अधिकारकर्मी, समाजसेवी, बौद्धिककर्मी, अभिभावक विद्यालय जाम, भोलिको राजनीतिकर्मी, अधिकारकर्मी, समाजसेवी, बौद्धिककर्मी, अभिभावक, डाक्टर, इन्जिनियर बसेर पढ्ने बेन्च हल्लिएको छ । कम्तीमा किला ठोकम, टिनको छानोले पोल्छ, चुहिन्छ, ठूलोपानी पर्यो भने बाजा बज्छ र पढाएको सुनिदैन छानो फेरम् ।**



पुस्पलाल शाही

### विषय प्रवेश :

हरेक राजनीतिकर्मी, अधिकारकर्मी, समाजसेवी, बौद्धिककर्मीले विकास र समृद्धिका कुरा गर्दा, भाषण गर्दा यसरी सुरु गर्छन् : शिक्षा, स्वास्थ्य, कृषिमा लगानी र सुधार गर्नु पर्छ, यहाँ सबभन्दा सुरूमा शिक्षा शब्द आयो हैन? अब काम गर्दा, योजना बनाउँदा बैठकको प्रस्तावको पुच्छारसम्म पनि शिक्षाको प्रस्ताब नभएको कसैले सम्झाई दिए पछि भनिन्छ, ओहो ! बिर्सिएछ । थपम् थपम् विविध शीर्षक राखेर भए पनि । शिक्षा क्षेत्र बिर्सिए पछि बनेका योजना कस्ता होलान र कार्यान्वयन कसरी होला ? कुरा गर्दा एक नम्बरमा काम गर्दा अन्तिम नम्बरमा आउने विषय शिक्षा हुनु हुँदैन । आज सम्मका सिद्धान्तबाट दुनियाका बारेमा व्याख्या गर्ने काम भयो, मूल कुरा दुनिया बदल्ने हो, भन्ने कुरा बिर्सनु बिडम्वना हो । कुन देशको शिक्षा प्रणाली कस्तो छ ? कुन देशको समृद्धिको यात्रा कसरी सुरु भई कसरी सफल भयो भन्ने ब्याख्याताले भनेजस्तै र लेखेजस्तै म पनि दुनियाँ बदल्ने शिक्षाको मूल कुरा त नभनौँ, मेरो कुरा राख्छु ।

### हामी आफैतिर :

शिक्षाको स्तर कस्तो छ सर्वप्रथम हरेक मानिसले आफैलाई हेरे हुन्छ खुरुक्क गएर ऐनामा । तर तपाई आफैले आफैलाई गमेर सोच्ने क्षमता चाहिँ हुनु पर्छ है ! अनि आफ्नै बालबालिका, अनि आफ्ना बालबालिका पढ्ने विद्यालय, कलेज, विश्वविद्यालय आदि हेरम् । थाहै छ नि तपाईं अनि म सरकारी मान्छे, बच्चा निजी स्कुलमा पढ्छन् । सरकारी विद्यालयमा होइन र ? गाली गर्छौं नि फेरि सरकारी विद्यालयलाई । यती नगरे मजदुरले तिरेको करको हिसाब चुक्ता हुँदैन नि ! होइन र ? अनि हेरम् सरकारी विद्यालयका ५ जना शिक्षक बराबर ३ जना विद्यार्थी र कतै १३० जना विद्यार्थी बराबर एउटा कक्षा कोठा, एउटो शिक्षक । अनि हेरम त तपाई र म सरकारी मान्छे, आफ्नो काम कम विजयकुमारले भने जस्तो भगवान कोइरालालाई मुटु चिर्न सिकाउँछौं । रोनाल्डोलाई फुटबल खेल्न, एलेनमस्कलाई मंगल ग्रह जाने बाटो सिकाउँछौ र हर्क सामम्पाङलाई राजनीति गर्न ।

### सबैले थाहा पाएको मेरो कुरा :

शिक्षा किन सुध्रिएन, देश समृद्ध किन भएन भन्ने प्रश्नको उत्तर खोज्न विद्यालय जानुपर्छ । पिएचडी होल्डरका थेसिस, एन्टी थेसिस र सिन थेसिस पछि पद्म्ला । पहिले हरेक राजनीतिकर्मी, अधिकारकर्मी, समाजसेवी, बौद्धिककर्मी, अभिभावक विद्यालय जाम, भोलिको राजनीतिकर्मी, अधिकारकर्मी, समाजसेवी, बौद्धिककर्मी, अभिभावक, डाक्टर, इन्जिनियर बसेर पढ्ने बेन्च हल्लिएको छ । कम्तीमा किला ठोकम, टिनको छानोले पोल्छ, चुहिन्छ, ठूलोपानी पर्यो भने बाजा बज्छ र पढाएको सुनिदैन छानो फेरम् । अनि, बाँकी तल लेखेको छु :

### सरकारको भूमिका :

#### अनिवार्य नं. १ : सरकारी बजेट र भौतिक व्यवस्थापन

अन्तराष्ट्रिय अभ्यास, नेपालकै शिक्षा सम्बन्धि विभिन्न आयोग, समितिका अध्ययन तथा विज्ञका सुझाव अनुसार जिडिपिको कम्तीमा २०% बजेट शिक्षामा छुट्याउनै पर्ने सुझावलाई आधार नमनिकनै पनि लाटो कुराले बुझ्न सकिन्छ, विद्यालय गएर चर्को घाममा टिनमुनी गएर बसे हुन्छ, योजनाविद्ले सयभन्दाबढी विद्यार्थीलाई एउटै कक्षामा पढाएर ४ जिपिए ल्याएर देखाए हुन्छ । बजेट कम छ । कक्षा कोठा सबै प्रकारका प्रकोप प्रतिरोधी बनाउन प्राथमिकता दिऔं । प्रविधिको प्रयोगमा लगानी, बालमैत्री कक्षा कोठा, शैक्षिक सामग्री प्रयोग गरी सिकाउने वातावरण निर्माण गरी शिक्षकलाई प्रोत्साहन गरौं ।

#### अनिवार्य नं.२ : योग्य व्यक्तिलाई शिक्षण पेसामा आकर्षण

सबैभन्दा योग्य व्यक्ति किन शिक्षण पेसामा आकर्षित हुँदैन ? आश गर्ने असल शिक्षक उत्पादित दक्ष र योग्य जनशक्ति तर विद्यालयमा योग्यको आर्षित र सम्मानित हुने ठाउँ नभए पछि को योग्यले आफ्नो सन्तानलाई शिक्षक बनाउला ? कसैलाई शिक्षक बनेस् भनेर आशिर्वाद दिंने दिन जबसम्म आउँदैन तबसम्म शिक्षा सुध्रिदैन भन्छु म त ।

#### अनिवार्य नं.३ : जनशक्ति व्यवस्थापन

शिक्षक दरवन्दी, विद्यार्थी संख्याका आधारमा व्यवस्था गरिनु पर्छ, शिक्षकलाई तालिम, पुनर्ताजकी तालिम, उत्प्रेरणात्मक तालिम र प्रधानाध्यापक, वि.व्य.स.को नेत्तृत्व विकास गर्ने । प्र.अ.लाई अधिकार सम्पन्न गर्ने शिक्षकको कार्यसम्पादन मूल्यांकनमा पुनरावलोकन गरिनुपर्छ ।

#### अनिवार्य नं.४ : अतिरिक्त मूल्य

विद्यालयमा अतिरिक्त काम गरेबापत प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने । सिद्धान surplus value वालाहरूले त झन बुझ्नु पर्ने हो ।

#### अनिवार्य नं. ५ : शैक्षिक गुणस्तरका स्पष्ट मापदण्ड निरधारण र कार्यसम्पादनका आधारमा शिक्षक पुरस्कृत

के लाई गुणस्तर मान्ने, कसरी पढाएको, के पढेको, के सिकेको, कति सिकेको ? कस्तो शिक्षक, प्र.अ. दक्ष र पुरस्कार दिन योग्य ? कस्ता विद्यार्थी उत्कृष्ट र निकृष्ट ? गुणस्तर मापन गर्ने स्पष्ट न्युनतम मापदण्ड निर्धारण गरौ ।

#### अनिवार्य नं. ६ : स्पष्ट, प्रभावकारी र अनिवार्य अनुगमन, सुपरिवेक्षण संयन्त्र निर्माण

विद्यालय, प्र.अ., शिक्षक, विद्यार्थी मूल्याङ्कन गर्ने स्पस्ट आधार निर्माण गरी अनुगमन, सुपरिवेक्षण संयन्त्र निर्माण गरौं । यसका लागि शिक्षा समिति, वडा शिक्षा समित, विद्यालय व्यवस्थापन समित, शिक्षक अभिभावक संघ, जनप्रतिनिधि, विषयगत विज्ञको संयन्त्र तयार पारी अनुगमन, सुपरीवेक्षण गरी पृष्ठपोषण दिने र विद्यालयका समस्याहरू संकलन गर्ने र समीक्षा सुधारका लागि पहल गर्न जरूरी छ ।

#### अनिवार्य नं. ७ : विद्यार्थीहरुमा उद्यमशील चिन्तन र व्यवहारको विकास विद्यालय तहबाटै :

सबै प्राविधिक धार सञ्चालन भएका विद्यालयमा अनिवार्य रूपमा पढ्दै, कमाउँदै गर्ने वातावरण र लगानी गरिनु पर्छ । प्राविधिक धार पढेको विद्यार्थीले पढाइसके पछि काम पाउने व्यवस्था निश्चित गरिनु पर्छ । साथै, स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तुका अतिरिक्त उत्पादन र उद्यमशीलता जोड्नु अवश्यक छ । कम्तीमा ८, ९ कक्षा देखि नै विद्यार्थीको क्षमता, रुची पहिचान गरी उसको भोलिको career के मा सुनिश्चित छ, रुची केमा छ पहिचान गरी क्षेत्र निर्धारण गरिदिनु पर्छ र उसको क्षमता अनुसारका विषय क्षेत्रमा पढाइ र तालिमको व्यवस्था गरिनु पर्छ । क्षमता र रुची नभएको क्षेत्रमा पढाउनु भनेको समय र पैसाको वर्वादी बाहेक केही होइन ।

### प्रधानाध्यापकको भूमिका :

१. यथार्थमा आधारित विद्यालय सुधार योजना तथा वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयनका लागि पहल शिक्षक स्टाफ परिचालन गर्ने ।

२. विद्यालयमा विद्यमान साधन र जनशक्तिलाई प्रयोग गरेर शैक्षिक गुणस्तर सुधारका लागि पहल गर्ने ।

३. शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्ने ।

४. शिक्षकको शिक्षण सिकाइ क्रियाकलापको सुपरिवेक्षण र पृष्ठपोषण गर्ने ।

५. शिक्षक-स्टाफसँग प्रत्येक दिन अन्तिममा दिनभरीका क्रियाकलापको समीक्षा गर्न कम्तीमा १० देखि १५ मिनेट छुट्याउने र असल र सुधार्नु पर्ने विषयमा छलफल गर्ने र तुरुन्त सुधार्ने ।

६. साप्ताहिक र मासिक शिक्षक स्टाफ बसी शैक्षिक गुणस्तर धारका विषयमा छलफल र सुधारका पहल गर्ने ।

७. विद्यालयमा उपलब्ध र बनाउन सम्भव भएका शैक्षिक सामग्री निर्माण गरी अनिवार्य प्रयोग गर्ने ।

८. पुस्तकालय, विज्ञान र ict ल्याब प्रयोग गर्ने, पढ्ने र अभ्यास गर्न अनिवार्य गर्ने व्यवस्था गर्ने ।

### शिक्षकको भूमिका :

- Self training : सबै उकृष्ट बन्नेहरूले कुनै विश्वविद्यालय institution मा अध्ययन र तालिम नलिएको पाइन्छ । आफ्नै चिन्तन, अध्ययन र अनुसन्धानबाट उत्कृष्ट बनेको पाइन्छ । शिक्षकहरूलले पनि यस्तै किसिमका कार्यहरू गर्न सकिन्छ र गरिरहेको पनि पाइन्छ । यो कार्य सबै शिक्षकमा हुनु आवश्यक छ । किनभने शिक्षकको गरीमालाई माथि उठाउने काम अरुले भन्दा आफैले गर्न आवश्यक छ ।
- कम्तीमा सम्भव भएसम्मका शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने, शिक्षण गर्ने विषयवस्तु र पर्याप्त तयारी गरेरमात्र कक्षा कोठामा प्रवेश गर्ने, खाली हात गोजीमा हालेर होइन ।
- कक्षा कोठा उत्साहमय बनाउँ, रमाइलो बनाउँ, परीक्षाकेन्द्रित होइन, भनिन्छ नि सफल व्यक्तिले फरक काम होइन, फरक ढङ्गले काम गर्छ । त्यो भनेको प्रत्येक दिन फरक शैलिमा शिक्षण गरौं । सधै एउटै शैलीको प्रयोगबाट विद्यार्थीलाई निद लाग्छ ।
- हरेक विद्यार्थीको अभिलेख राखौं । विद्यार्थीका रुची र क्षमता फरक हुन्छन् सबैलाई एउटै ढंगले शिक्षण र मूल्याङ्कन गर्न उचित हुँदैन । फरक रूची र क्षमताका विद्यार्थीको अभिलेख राखी सोही अनुसार शिक्षण र मूल्याङ्कन योजना निर्माण गरौ । कमजोर विद्यार्थीलाई उपचारात्मक शिक्षणका लागि स्टाफ बैठकमा छलफल गरी सुधारका लागि योजना निर्माण गरी कार्यान्वयन गरौं ।

### अभिभावको भूमिका :

हरेक अभिभाकले हरेक साँझ कम्तीमा १ घण्टा बालबालिकाका लागि अनिवार्य दिनु आवश्यक छ । उनीहरूको झोला खोलौं कपी किताब हेरौ । विद्यालयमा के लेखेको रहेछ, झोलामा अरु केही त छैन ? र, उनीहरूलाई सोधौं आज विद्यालयमा के पढाइ भयो ? के सिक्यौ ? सबै विषय पढाइ भयो कि भएन ? यसबाट विद्यालयमा राम्रोसँग पढाइ भए नभएको, बालबालिकाले सिके नसिकेको थाहा हुन्छ । साथै, निरन्तर

बाँकी ५ पेजमा

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# कविता

## चेताना

जब जम्छ योजना, सबै यहाँ।
तब फेरि जाग्दछन्, जहाँ तहाँ।
पहिले त सम्झना, थियो उता
भन चेतना अहो!, गयो कता ?

छ अझै विचित्रको, समाज यो
छ खडा अचम्मको, अभाव पो
अझ बढ्छ धूर्तता र दासता
भन चेतना अहो!, गयो कता?

मन आत्तियो सधैं, लडिरहे।
अझ लौन दुष्ट ती, बढिरहे।
कति भोग्नु हीनता र कष्टता
भन चेतना अहो!, गयो कता?

दिनरात खट्दछन्, मनुष्य ती
धन चाहियो भनी,छ ताजकी
छ निमन्त्रणा दिने, नि पूर्णता
भन चेतना अहो!, गयो कता?



**नानीमाया सुनुवार 'नामासु'**
*ताप्ली गाउँपालिका ४ उदयपुर*
*हाल काठमाडौं*

न छ उच्च तिर्सना, सुगन्धको
जनता जुटे सबै, बिछन्दको
अपनाउने गरौं, समर्थता
भन चेतना अहो!, गयो कता?

## गजल

मेरो जस्तो घरको छानो तिम्रो खरको थिएन ।
तिम्रो जस्तो मेरो मन कठोर पत्थरको थिएन ।

बारम्बार तिमीले मेरो विश्वास गर्नै पर्छ भने पनि,
खोलीलाई किनारको जस्तो भर बगरको थिएन ।

तिम्रो यादमा खसालेको ती आँसुको थोपाहरु,
सबै बाध्यताको आँसु थियो कुनै रहरको थिएन ।

हामी सधैं त्यो भेट्ने पिपल र वरको चौतारीमा,
पिपलको जस्तो छाँया चौतारीमा वरको थिएन ।

एकै छिन हाँसेर देखाउथे खुसी म दुनियाँलाई,
त्यो हाँसो खुसी मेरो लागि जीवन भरको थिएन ।

जिन्दगी यात्रा हो साथ दिन्छु भन्थ्यौं तिमीलाई,
त्यो तिम्रो साथ मेरो लागि लामो सफरको थिएन ।



**श्री लिम्बू 'प्रयासी'**
*मिक्लाजुङ -६ पाँचथर*

## कविता : शिक्षकहरू

राजनितीका
अब्बल शिक्षकहरू
अफिसमा नै
पार्टीका रसिद काट्न लाउछन ।

अङ्ग्रेजीका
अब्बल शिक्षकहरू
कक्षामा भने
नेपालीमा ट्रान्सफर गर्छन ।

गणितका
अब्बल शिक्षकहरू
कक्षामा भने
दिनको २ हिसाब मात्र हल गर्छन
ट्युसनमा सबै हिसाबको निसाब गर्छन।

बिज्ञानका
अब्बल शिक्षकहरू
कक्षा भने
औंधी पढाएझै गर्छन
तर, नतिजामा निराशा।

सामाजिकका
अब्बल शिक्षकहरू
कक्षामा भने
सामाजिक प्राणी बन्न आग्रह गर्दछन
तर,आफु एक्लै बस्न रुचाउछन।



**सरद विष्ट**
*स्वर्गद्वारी न.पा.-३, प्युठान*

नेपालीका
अब्बल शिक्षकहरू
कक्षामा भने
कथा, गीत र कबिताको बाचन गर्दागर्दै
घण्टी ढ्वाङ बज्छ ।

स्वास्थ्य तथा जनसंख्याका
अब्बल शिक्षकहरू
कक्षामा भने
दुई सन्तान ईश्वरका बरदान भन्छन ।
तर, आफ्ना सन्तान आधा दर्जन हुन्छन ।

## गजल : बक्वास हो माया

हात समाइन अनि जाउँ भनिन् कस्तो आस लाग्यो।
मेरो लागि उनि आज किन खास खास लाग्यो।

कस्तो बुद्धु है म लाटो अनि सोझो मान्छे,
ख्याल ठ । मै भन्ने रहिछिन कस्तो विश्वास लाग्यो।

बाचा अनि कसमहरु सबै मिथ्या रैछन,
सम्झी ल्याउदा सच्चै आफैलाई जिउँदो लास लाग्यो।

हुन्न अब गर्दिन म पिठिउ पछि कुराहरु,
माया अनि प्रेम सबै किन आज बक्वास लाग्यो।

हात समाइन अनि जाउँ भनिन कस्तो आस लाग्यो।
मेरो लागि उनी सधै किन खास खास लाग्यो।



**टेक बहादुर बटाला**
*लम्कीचुहा न.पा. १ कैलाली हाल प्यूठान*

## गजल : संविधान

भिन्न भिन्न क्षेत्रमा पुर्ण नाकाबन्दी छ ,
सिङ्गो संसद योजना नै ढलाएपछि ।
संगठनबिच बादबिबाद चर्काचर्की छ,
पदका निम्ति पुन: चुनाबी प्रकृया चलाएपछि।

कठैबरा नेपाली जनता अन्योलित बन्दैछन,
लेखिएका नियम कानुन सबै जलाएपछी।
बिकास त यी भष्ट्चारिले गर्दैन्न जस्तो लाग्यो,
फेरि तिनै बिरोधीका मुद्दा चलाएपछि ।

आज बेग्लै सरकार बनाउछु भनी नारा लगाए पनि,
कुकुर झै पुच्छर फनाउदै गए पदिय कुर्चिमा बोलाएपछि।
कतिपय बिकास योजना भष्ट्चारमा बर्बाद भए,
भाषणको भरमा घाटी सुकाउदै आफ्नो जिब्रो गलाएपछि।



**कमल रोकाय**
*नौबहिनी -०५, प्युठान*

## मुक्तक

मुक्तक १
के पो हुने रहेछ्र लास बनी अज्माउनु मन छ।
आफ्नै लागी खाडल खनी अज्माउनु मन छ।
आमा आखा बन्दा गरी एउटा ठुलो भिडबाट,
अब एक चोटी मृत्युलाई पनी अज्माउनु मन छ।

मुक्तक २
खेले पनि भाग्यले खेल तिम्रै त हु म।
बगे पनि आसुको भेल तिम्रै त हु म।
तिमी बिना मेरो कोही छैन कसम,
जन्म जन्म बाचुन्जेल तिम्रै त हु म।

मुक्तक ३
म मा पनि थियो आस कुनै बेला।
कसैको लागी थिए खास कुनै बेला।
पागल जस्तै भएर हिढ्ने गर्थे प्रिया,
चल्दैन थ्यो मुटु र सास कुनै बेला।



**प्रकाश महरा**
*सुर्नया ४ बैतडी*

# रोचक/प्रेरक प्रसङ्ग

## रेलवे स्टेशनमा जागिरे बाँदर !



मानिस र जनावरबीच अनौठो सम्बन्ध रहँदै आएको छ। मानिसले आफ्नो कामका लागि सदियौँदेखि जनावरको प्रयोग गर्दै आएको छ। तर के तपाईंले कुकुर तथा घोडा बाहेक अन्य जनावरले सरकारी जागिर खाएको देख्नुभएको छ ? दक्षिण अफ्रिकामा चाहिँ एउटा लंगुर बाँदरले समेत सरकारी जागिर खाने मौका पायो । उक्त लंगुरले ९ वर्षसम्म रेलवे स्टेशनमा जागिर गरेको थियो । उसले जागिरबापत तलब पनि पाउँथ्यो । रेलवे स्टेशनमा सो बाँदरले सिग्नल म्यानको रुपमा काम गरेको थियो । सन् १८७० ताका दक्षिण अफ्रिकाको केपटाउन सहरको नजिकै न्पजदिन्हम नामक एक रेलवे स्टेशन थियो। त्यहाँ जेम्स वाइड नामका एक कर्मचारीले सिग्नल म्यानको काम गर्दथे । तर रेल दुर्घटनामा उनले आफ्ना दुबै खुट्टा गुमाए। त्यसपछि उनलाई काम गर्न निकै समस्या भयो। उनले काठका नक्कली खुट्टा पनि लगाए तर पहिलेजस्तो काम गर्न गाह्रो भयो । आफ्नो कामलाई लिएर उनी निकै दुखी बन्न थाले। एकदिन उनको नजर बाटोमा गाडी हाँकिरहेको एउटा लंगुर बाँदरमाथि पर्यो । उनले लंगुर मालिकसँगबाट उक्त लंगुर किनेर ल्याए।

जेम्सले उक्त लंगुरको नाम ज्याक राखे। त्यो निकै होसियार र समझदार थियो । उसले घरका सबै काममा पनि सहयोग गर्दथ्यो । जेम्सले उसलाई रेलवे स्टेशनमा काममा जाँदा पनि सँगै लैजान थाले । ज्याकलाई स्टेशनमा रेललाई सिग्नल दिन तथा सिग्नल परिवर्तन गराउन पनि सिकाए । पहिले लंगुरले जेम्सको इशारा अनुसार मात्र काम गर्दथ्यो । पछि त उसले हर्नको आवाजबाटै सिग्नल परिवर्तन गर्न थाल्यो । लंगुरले रेलवेको सिग्नल परिवर्तन गर्ने काम गर्ने गरेको समाचार डढेलो जस्तै फैलियो । त्यसपछि रेलवे अधिकारीहरुले लंगुरलाई काममा लगाउने जेम्सलाई तत्कालै बर्खास्त गरिदिए । आफूलाई जागिरबाट हटाउने अधिकारी समक्ष जेम्सले लंगुर बाँदरको क्षमताको परीक्षण गराउन माग गरे । रेलवे अधिकारीहरुले लिएको परीक्षणमा लंगुर पास भयो । त्यसपछि जेम्सको जागिर पनि थमौति भयो र ज्याकले आधिकारिक रुपमा रेलवेमा सिग्नल म्यानको काम गर्न थाल्यो। उसलाई रोजगार नम्बर पनि प्रदान गरियो। उक्त लंगुरको दैनिक तलब २० सेन्ट तथा हरेक हप्ता आधा बोतल बियर समेत दिइन्थ्यो। ९ वर्षको आफ्नो सेवा अवधिमा ज्याकले कहिल्यै विदा लिएन र गल्ती पनि गरेन । सन् १८९० मा क्षयरोगका कारण ज्याकको मृत्यु भयो।

## गजल

यो देशको कानुन यो देशलाई नै भार भएको छ।
बिरामीको औषधीमा पनि भ्रष्टाचार भएको छ।

जनताको अँखामा छारो हालेर कति बस्छस् ए सरकार,
देश हाक्ने नेताहरु बिच नै मारामार भएको छ।

फाँसी दिन छोडेर सरकार अपराधी पालेर बस्छ,
बोल्दैन केही बालिका माथी बलात्कार भएको छ।

खै कसरी सम्बोधन गरौं म, यो हाम्रो समाजको,
शरीरको पनि ब्यापार हुने बजार भएको छ।



**अनु मगर**
*तुलसीपुर दाङ*

## गजल


होशमा आउ नभन बाच्ने रहर छैन अब।
बन्द ओठमा मलाई हाँस्ने रहर छैन अब।

उत्तर छैन नसोध है कारणहरु तिमिले,
यति भने पुगिहाल्यो नाच्ने रहर छैन अब।

चोइटाचोइटा भएपछि माया गर्ने मुटु पनि,
बिना ठाउँ कसैलाई राख्ने रहर छैन अब।

हुन्न हुन्न भनेपछि जबर्जस्ती नगर त,
कसैसँग पनि साइनो गास्ने रहर छैन अब।

दुनियाले के के भन्छ सरोकार छैन मलाई।
देखावटी तस्बिर टास्ने रहर छैन मलाई अब।



**रामु दाहाल**
*संखुवासभा*

## गजल

छुटकारा मिलेन कहिले पनि हारबाट।
हिन्नु पर्ने रैछ अघि आफनै बिचारबाट।

पिडा बोकेर प्रदेश तिर हिन्न जरुरी थिएन,
मिलेको भए केही सहयोग सरकारबाट।

देशमै बसेर परिवार पाल्ने रहर हुँदा हुँदै,
बन्चित भएको मान्छे परियो रोजगारबाट ।

सडक बिजुली बत्तीको त आसै छैन मलाई,
घर चलाएको मान्छे हुँ हजुर सोलारबाट ।

जब जिताएर माथिल्लो सत्तामा पठाईयो,
आउनु भएन फर्केर नेता ज्यु बजारबाट।



**जलेको आत्मा हुकुम**
*सानीभेरी गा.पा. ७ रुकुम पश्चिम*

## मुक्तक


मुक्तक १
आउ अघि बढ् अब तिम्रो पक्कै ठूलो जित हुन्छ।
त्यो जिन्दगी भरिपूर्ण हुन्छ अनि सुनिश्चित हुन्छ।
यसरी नै सोच्नुहोस् मित्र ! पैसा, पावर भए यहाँ,
हरेक सरकारी कोटा सरकारबाटै सुरक्षित हुन्छ।

मुक्तक २
हुन्छ या हुन्न? मैले अब के सम्झिउ तिम्रो मायामा।
कि त शराब पिउ, कि त जहर पिउ तिम्रो मायामा।
म, यसै त पागल मान्छे झन तिमीले पागल बनायौ,
प्रिया !बिन्ती भन अझै के के बनिदिउ तिम्रो मायामा।

मुक्तक ३
बाआमाकै मान्छु भन्छे चलनचल्ती बहाना बनाउछे।
अनि सधैभरी मेरो खाली खल्ती बहाना बनाउछे।
आज आएर उसका खुसीहरु किन्न नसक्ने रे म,
यार! अनि थुपारेरै मै माथी गल्ती बहाना बनाउछे।



**प्रदीप नेपाली**
*बिहादी ५ उराम, पर्बत*



**मनु कार्की**
*मादि ९, संखुवासभा*

## गजल

पारखे भन्छौ गारिबलाई मानवता गयो कहा?
मर्छन धनि पनि उस्ले अजम्बरी पायो कहाँ?

दौडिन्छौ धनको पछि पछि जहिल्यै किन,
खै कहिले मनमा खुशी छायो कहाँ?

उस्ले पनि पिउँछ पानी गारिबकै मुलको,
धनि भएर अमृत जल खायो कहाँ?

धनि गारिब हिड्ने बाटो एउटै होला,
कुन बाटोमा कस्तो गुन लायो कहाँ?

भनिन्छ, धनि गारिबलाई समान व्यबहार
तर अहिले यो नियम लागु भयो कहाँ?



**सुरेशकुमार पाण्ड**
*दाङ घोराही १८*

## गजल

मुर्ति बनायो त्यसैमा चमत्कार खोज्छ।
मान्छे आफैले ढुङ्गासँग करार खोज्छ।

मान्छे र मान्छेकै बिचमा नहुँदा एकता,
सुखी शुनौलो स्वर्ग को संसार खोज्छ।

यस्तै छ बुझ्नै नसक्ने मानवको दुनियां,
देवताको बनाई जात मारामार खोज्छ।

पत्थरको मूर्तीलाई आफै सुन चढायो,
गारिबलाई लुटी त्यो सिस्टचार खोज्छ।

आज मानिसकै भित्र हरायो मानवता,
त्यसैले त राक्षश को व्यवहार खोज्छ।

कायर भयो छैन हिम्मत सहनशीलता,
लाचार भएछ मुक्तिको औतार खोज्छ।

# नौबहिनी गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्पन्न




**झुलेनी पोष्ट,**
**प्यूठान**

नौबहिनी गाउँपालिकाको आयोजना र झुलेनी युनाइटेड नेटवर्कको सहजीकरणमा बिहिबार नौबहिनी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०८९ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। नौबहिनी गाउँपालिका अध्यक्ष डिलबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागिहरुले पालिकाले प्रदान गर्ने सेवाबारे गुनासो गरेका थिए। नौबहिनी गाउँपालिका भित्र निर्माण गर्ने भनेको पालिकास्तरीय अस्पताल, बाग्दुला बहाने, स्याउलीबाङ सडक लगायत बिषयमा सहभागिहरुले चासो राखेका थिए।

बहिरगमन अभिमत, नागरिक प्रतिबेदन र कार्यक्रममा प्रत्येक्ष सहभागिहरुले गरेका प्रश्नको सवाफ अध्यक्ष थापा र प्रमुख प्रशासकिय अधिकृत शिवराज पौडेलले दिएका थिए। अस्पतालको विषय राजनीतिक मुद्दा भएकाले राजनीतिक सहमति गराउन पहल भैरहेको अध्यक्ष थापाले प्रश्न कर्ताहरुलाई प्रस्टाएका थिए। सार्जजनिक सुनुवाई कार्यक्रमले सेवा प्रवाह गर्ने निकाय र सेवा ग्रहीबीचको दुरी घटाउने पालिकाले अपेक्षा गरेको अध्यक्ष थापाले बताए।

# माण्डवी गाउँपलिकाले गर्यो शहीद परिवारलाई सम्मान

**झुलेनी पोष्ट,**
**प्यूठान**

माण्डवी गाउँपलिकाले संविधान दिवसको अवसरमा शहिद परिवारलाई सम्मान गरेको छ। पालिकाले आयोजना गरेको ‘सहिद परिवारलाई सम्मान’ कार्यक्रममा दश बर्षे जनयुद्ध र जनआन्दोलनमा ज्यान गुमाएका गाउँपालिका क्षेत्रका २२ जना सहिद परिवारलाई सम्मान गरेको हो। कार्यकममा प्रमुख प्रसासकिय अधिकृत प्रकास पाण्डेले संविधानको महत्व, गाउँपालिकाको जनप्रतिनिभिहरुको काम, कर्तव्य र अधिकारबारे प्रष्टाएका थिए। हजारौं शहिदको रगत, कैयौं परिवारको बिचल्ली र लामो जनआन्दोलन पश्चात आएकोले संविधान विश्वको उत्कृस्ट संविधान रहेको कार्यक्रमका प्रमुख अथिति नारायण अधिकारीले बताए।

कार्यक्रममा माण्डवी गाउँपालिका अधक्ष्य नवराज अधिकारी (रोसन)ले सहिदले देखाएको बाटोमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दै राज्यले शहिदको सपना पुरा गर्न आर्थिक विकास र समृद्धीको बाटोमा आफुले लागेको चर्चा गर्दै देशको विकास भए सहिदका सपना स्वतः पुरा हुने बताए। संविधान भन्दा ठुलो राजनीतिक दल होईन यस्ता कार्यक्रमहरु संविधान दिवसमा हलभित्र मात्र नभएर गाउँगाउँमा गएर सबैलाई सचेत गराउनु पर्ने सहभागी रामचन्द्र पौडेलले बताए।

कार्यक्रम माण्डवी गाउँपलिकाको सभाहलमा सम्पन्न भएको थियो भने कार्यक्रम संचालन नारायण जिसी ले गरेका थिए।

**पत्रिका मागेर होइन, किनेर पढ्ने बानी बसालौं**


## छोटकरी

# पहिरोको जोखिममा मर्काबाङ वस्ती

**झुलेनी पोष्ट**
**प्यूठान**

माडण्वी गाउँपालिका वडा नं. २ मर्काबाङ जोखिममा परेको छ। अविरल वर्षाको कारणले वस्ति नै उच्च जोखिममा परेको स्थानीयहरुको भनाई छ। गाउँ देखि माथि रहेको डाडाँमा चिरा पर्न थालेपछि सिंगो वस्तीनै उच्च जोखिममा परेको हो। आईतबार बिहान चिरा पर्न थालेको देखेपछि स्थानीय यम बहादुर एक स्थानियले वडाध्यक्ष प्रकाश वलीलाई जानकारी दिएका थिए। जमिन नै यसरी गहिरो खाडल र चिरा परेको पहिलो पटक देखेको वडाधक्ष्य वलीले बताए। अझै अविरल वर्षा हुने हो भने चिरा परेको ठाउँबाट पानी भरिएर जमिन भासिन र पहिरो गएर बस्ति नै जोखिम पर्न सक्ने वडाधक्ष्य वलीको भनाई छ।

आइतबार वस्तीको अवस्था बुझ्न मर्काबाङ पुगेका जिल्ला समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र प्राविधिक टोलि सहितले अवलोकन समेत गरेको छ।







# बुटिक...

आदीका कपडामा आकर्षक बुट्टा भर्नेकाम गर्दै आएकी छिन्। उनले २०७३ सालमा नारी सिप समाज दाङ मार्फत बुटिकको तालिम पाएकी थिइन।

प्यूठान र दाङका केहि ठाउँमा यस सम्बन्धी तालिम प्रशिक्षकको भुमिका निर्वाह गरि करिव ३ सय जना भन्दा बढि व्यक्तिलाई बुटिक प्रशिक्षण गराएको उनले बताइन्। स्थानीय स्तरमा मात्र सीमित उनको निर्माण सामग्री देशका विभिन्न ठाउँमा निर्यात गर्दै आएको मनिले बताईन। उनको बुटिक पसलमा निर्माण भएको सामाग्री युट्युबमा भिडियो हेरी पुर्वी जिल्ला झापाबाट समेत सिप सिक्न आएको उनले बताइन।

# शिक्षा...

विद्यालयका प्रधानाध्यापक, शिक्षकसँग सम्पर्कमा रहनु पर्छ। अनि पो जिम्मेवार अभिभावक बन्न सकिन्छ।

**अन्त्यमा :**

शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो, विकास, समृद्धि, संस्कारको मूहान हो। यो क्षेत्रको व्याख्या र थेसिस धेरै लेखिए। मूल कुरा बदल्ने हो। बदल्नलाई फिल्डमै जाऔं। त्यो फिल्ड विद्यालय र विश्वविद्यालयहरु हुन्। प्रत्यक्ष भुक्त भोगी त्यहाँका शिक्षक विद्यार्थी हुन्। त्यहाँका समस्यासँग प्रत्यक्ष साक्षात्कार गरौं र सुधारका लागि पहल गरौ।

**(शिक्षा अधिकृत शाही सरुमारानी गाउँपालिकामा कार्यरत छन्।)**


**के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?**

**त्यसो हो भने हामीलाई सम्झनुहोस्। अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं।**







**साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस्।**

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

**एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स**
**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**




**गाउँपालिकाबासीलाई अनुरोध**

**जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निशुल्क दर्ता गरौं।**

**अनुरोधक :**
**ऐरावती गाउँपालिका**
**बरौला, प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# के हो अनुहारको आकृति मिलाउने अर्थोग्नेथिक सर्जरी?





डा. गणेश चौधरी

अर्थोग्नेथिक सर्जरी अनुहारको विकित मिलाउने एउटा विशिष्ट प्रकारको शल्यक्रिया हो । अर्थोग्नेथिकको शाब्दिक अर्थ हो जब्डा सिधा गर्नु (अर्थोस - सिधा गर्नु , ग्नाथोस - जब्डा)। यो एउटा कस्मेटिक वा एस्थेटिक शल्यक्रिया पद्धती हो, जसले अनुहार त राम्रो बनाउछ नै, साथै चपाउने शक्ति र स्वासप्रस्वास प्रणालीलाई पनि राम्रो गर्छ । पहिलो अर्थोग्नेथिक शल्यक्रिया अमेरिकामा सन् १८४९ मा हुल्लिहनद्वारा गरिएको थियो । जुन सामान्यरुपले तल्लो जब्डामा मात्र सिमित थियो। पछि विज्ञान र शल्यचिकित्साको विकाशसंगै तल्लो, माथिल्लो र चिउडोकासाथै पुरै अनुहार नै ठिक पार्ने शल्यक्रियामा परिणत भयो। धेरै नै संवेदनसिल शल्यक्रिया भएकोले एकदम धेरै विशेषज्ञता र दक्षता चाहिनुको साथै उत्कृष्ट योजना चाहिन्छ । अदक्षताले मान्छेको पुरै अनुहारकै स्वरुपलाई कुरुप बनाउन सक्छ ।

## के फाइदा हुन्छ?

१) अर्थोग्नेथिक सल्यक्रियाले अनुहारको बनावट र रुपलाई राम्रो बनाउँछ ।

२) टोक्ने क्षमता वृद्धि गर्नुको साथै बोलिलाई पनि राम्रो बनाउँछ ।

३) एयर वे भोलुम (स्वासनलीको आयतन) वृद्धि हुनुको साथै स्वासप्रस्वास प्रणालीलाई पनि राम्रो बनाउँछ ।

४) अनुहार सुन्दर बनाए संगै आत्मविश्वास पनि वृद्धि गराउँछ ।

५) जब्डा दुख्ने समस्यालाई पनि समाधान गर्छ।

६) नाक र ओठको अनुपात पनि ठिक गर्छ ।

## किन गर्नु पर्छ यो सर्जरी ?

१) कर्रेक्टिव ज सर्जरी - तल्लो वा माथिल्लो जब्डा वा दुइटै जब्डा ठूलो वा सानो भएमा, मुख बन्द गर्न अप्ठेरो भएमा वा ओपन बाइट, मुख धेरै बन्द भएमा वा डिप बाइट, तालु सानो भएमा, क्रस बाइट भएमा, चिउड़ो ठूलो वा सानो भएमा, अनुहार बाङ्गो वा असमान भएमा, अनुहारको बिग्रेको आकृति मिलाउनु परेमा

२) हाँस्दा तल्लो र माथिल्लो गिजा देखिएमा वा गम्मी स्माइल

३ ) जब्डाको विकृतिले गर्दा खाना चपाउन वा स्वास फेर्न वा बोल्न वा निल्न समस्या भएमा

४) अनुहार वा अनुहारको जोर्नी दुख्ने समस्या भएमा

५) अब्स्ट्रक्टिव स्लिप एप्निया वा घुर्ने बिमारी भएमा

६) सिण्ड्रोमिक अनुहार भएमा

७) ओठ काटिएको वा क्लेफ़्ट भएमा

८) टोटल फेसियल करेक्सन (सम्पूर्ण अनुहारको आकृति मिलाउने वा पुनर्निर्माण सर्जरी गर्नु परेमा

## सर्जरीको पुर्व तयारी ?

१) अर्थोडनटिक्स उपचार - शल्यक्रिया गर्नुभन्दा पहिला दाँतमा तार बाँधेर तल-माथीको दाँतको अनुपात र टोकाई मिलाउनु पर्छ। यो उपचार लगभग ६ देखि १२ महिना जति चल्छ। त्यसपछि मात्र शल्यक्रियाको तयारी सुरु हुन्छ । कुनै कुनै केसमा पहिला सल्यक्रिया गर्ने र त्यसपछि मात्र तार बाँधेर दाँत मिलाउने काम गरिन्छ ।

२) एक्स-रे र सिटी स्क्यान - ओपीजी र लेटेरल सेफ़ालोमेट्रि भन्ने सुरुवाती एक्स-रे गरिन्छ। त्यसपछि वृहत प्लानिङ्गको लागि अनुहारको सिटी स्क्यान गर्नुपर्छ। एक्स-रे र सिटी स्क्यानलाई कम्प्युटरको सफ्टवेयरमा हालेर भर्चुअल प्लानिङ्ग गरिन्छ। सिएएसएस प्रोटोकल अपनाएर अनुहारको बनावट, यसमा देखिएको समस्या, नमिलेको अनुहारको अनुपात, अनुहार ठूलो -सानो हुने आदि अनुपातको विश्लेषण गरिन्छ। डिजिटल र कम्प्युटर प्रविधि अपनाएर अवास्तविक (भर्चुअल) शल्यक्रिया गरेर शल्यक्रिया पछिको परिणाम हेर्ने र त्यसैको आधारमा शल्यक्रिया गरिन्छ। नयाँ र एकदम अत्याधुनिक सफ्टवेयरहरुको प्रयोग गरेर सुक्ष्म तरिकाले अनुहारको अनुपात मिलाइ सही शल्यक्रिया गरिन्छ ।

३) मोडेल सर्जरी - शल्यक्रियाको पूर्व तयारी अन्तर्गत मोडेल सर्जरी गरिन्छ। जसमा तल-माथीको दाँतको नाप लिएर मोडेल बनाइन्छ र त्यही मोडेलमा भर्चुअल शल्यक्रियागरी अनुहारको अनुपातको आधारमा डेण्टल स्प्लिण्ट बनाइन्छ। मोडेल सर्जरीले शल्यक्रियाको परिणामको बारेमा पूर्व जानकारी गराउनुको साथै प्लानिंग र विश्लेष्णमा पनि सहयोग गर्छ। पूर्व तयारी, ठिक योजना र विश्लेषणपछि शल्यक्रियाको लागि बिरामी लायक हुन्छ।

## कति प्रकारले सर्जरी गरिन्छ?

१) मेग्जिलरी ओस्टिओटोमी - यो माथिको जब्डाको शल्यक्रिया हो। जसमा प्लानिंगको आधारमा अनुहारको हड्डी, पुरै माथिल्लो जब्डालाई नै काटेर अगाडि वा पछाडि लगिन्छ र प्लेट -स्क्रुको मद्दतले जोडिन्छ ।

२) मेण्डिबुलर ओस्टिओटोमी - यो तलको जब्डाको सर्जरी हो जसमा प्लानिंगको आधारमा पुरै तल्लो जब्डा काटेर अगाडि वा पछाडि लगिन्छ र प्लेट - स्क्रुको मद्दतले जोडिन्छ ।

३) जेनिओप्लास्टी - यो चिउँडोको शल्यक्रिया हो । जसमा चिउँडोलाइ अगाडि-पछाडि वा तल-माथी वा दायाँ-बायाँ लगिन्छ र प्लेट - स्क्रुले जोडिन्छ। यो शल्यक्रिया अर्थोग्नेथिक सर्जरीसंगै वा ६ महिनापछि छुट्टै पनि गर्न सकिन्छ। यो शल्यक्रियाले सानो वा ठूलो देखिने चिउडोलाई सुन्दर र अनुहारको अनुपातको बनाउन मद्दत गर्छ ।

४) टोटल फेसियल करेक्सन- यो शल्यक्रिया एकदम जटिल र सुक्ष्म हुनुका साथै ठिक योजना र विज्ञता चाहिने खर्चिलो खालको हुन्छ । यसमा पुरै अनुहारको नमिलेको आकृतिलाई सुन्दर र आकर्षक बनाइन्छ। यो शल्यक्रियामा माथिलो-तल्लो जब्डा र चीउडोको साथ साथै अनुहारको जोर्नी र नाकको पनि शल्यक्रिया गरिन्छ। नमिलेको विकृत अनुहारलाई आकर्षक र समानुपातिक बनाउन कृत्रिम जोर्नी हालेर पुरै अनुहारको हड्डीलाई नै शल्यक्रिया गरि मिलाइन्छ ।

यो शल्यक्रियामा कुनै केसमा एउटै तल्लो वा माथिल्लो जब्डा, कुनै केसमा दुइटै जब्डाको एकै चोटी र कुनै केसमा तल्लो-माथिल्लो र चिउडोको सम्पूर्ण शल्यक्रिया एकै चोटी गर्नु पर्ने पनि हुनसक्छ। यो शल्यक्रिया मेजर हुने भएकोले पुरा बेहोस गरेर अर्थात जेनेरल एनेस्थेसियामा गरिन्छ । त्यसको लागि बिरामीलाई भर्ना गरेर अप्रेसनको लागि तयारि गरिन्छ ।

सामान्यतया ५-६ घन्टाको शल्यक्रिया हुने र कस्मेटिक चासो धेरै हुने भएकोले यो शल्यक्रिया मुखभित्र बाट गरिन्छ। जसमा अनुहारमा कुनैपनि प्रकारको शल्यक्रियाको दाग देखिँदैन। यसमा बिरामीको अनुहार अचानक शल्यक्रिया हुने बितिकै परिवर्तन हुने भएकोले बिरामी मानसिक रुपले पनि पूर्णतयार हुनु एकदम जरुरी हुन्छ। अत्यन्त संवेदनशील यो शल्यक्रिया पूर्ण रुपले सुरक्षित र एकदम न्यून जटिलता भएको शल्यक्रिया मानिन्छ । ठिक योजना, सुक्ष्म विशेषज्ञता, शल्यक्रियाको सहि कार्यान्वयन र शल्यक्रियापछिको उचित देखभाल संगै राम्रो अर्थोडोण्टिक उपचार भएमा यो शल्यक्रियाले अतिनै उत्तम परिणाम दिन्छ। तसर्थ, बिना कुनै संकोच र डर अर्थोग्नेथिक सर्जरी गराउन सकिन्छ।

धेरै पुरानो इतिहास बोकेको यो शल्यक्रिया नेपालमा भने शिशु अवस्थामै छ। नेपालका केहि ठूला अस्पताल सरकारी र निजी लगायतले यो शल्यक्रिया गरिराखेको अवस्थाछ। धेरै मात्रामा यो शल्यक्रिया नभएपनि केहि राम्रा अस्पतालका एकदम जुझारु र उत्सुक शल्यचिकित्सकहरुद्वारा नेपालमै पनि सफलताका साथ यो शल्यक्रिया गरिन्छ ।

**-(मुख तथा अनुहार शल्यचिकित्सक डा गणेश चौधरी भरतपुर अस्पतालमा कार्यरत छन् )**

# के हो डेंगी, कसरी बच्ने?

**-रञ्जना थापा**




डेंगी एडिज प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक रोग हो। यो रोग डेंगी नामक आरएनए भाइरसको कारणले हुने गर्दछ । यो रोग एडिज लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ ।

## डेंगी भाइरसका प्रजाति के-के छन्?

डेंगी भाइरस आर्बो भाइरस ग्रुप अन्तरगत पर्ने एक प्रमुख आरएनए भाइरस हो । अहिले सम्ममा यो भाइरसको DEN–1, DEN–2, DEN–3, DEN–4, / DEN–5 गरी पाँच वटा सेरोटाइप पत्ता लागेको छ ।

## कसरी सर्छ डेंगी?

यो रोग मुख्यतया दिउँसोको समयमा एडिज एजिप्टी नामक पोथी लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यो प्रजातिको लामखुट्टेले आफ्नो आहारा पूरा गर्नको लागि एक भन्दा बढी व्यक्तिको रगत चुस्ने भएकाले डेंगी रोग फैलाउनमा यो प्रजातिको लामखुट्टेको धेरै भूमिका रहेको हुन्छ। साथै केही मात्रामा एडिज एल्वोपिक्टस नामको अर्को लामखुट्टेको टोकाइबाट पनि डेंगी सर्ने गर्दैछ । तर यो लामखुट्टेले आफ्नो आहारा एउटै व्यक्तिको रगतबाट पूरा गर्ने भएकाले यसको प्रभावकारिता एजिप्टिको भन्दा कम हुन्छ ।

डेंगी सार्ने लामखुट्टे कस्तो ठाउँमा पाइन्छ? मुख्यतया वर्षायामको समयमा घर वरपरका खाल्डाखुल्डी, छत, गमला, कुलर, टाएर आदिमा जमेको पानी तथा सञ्चित गरेर राखेको पानीमा एडिज लामखुट्टे बस्ने गारेको पाइन्छ। यस्ता ठाँउहरुमा लार्भा उत्पादन गरी

**बाँकी ८ पेजमा**

वडावासीमा अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री वडा बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा नि:शुल्क दर्ता गरौं ।

मनोज कुमार जि.सी.
सचिव

नोमराज पौडेल
वडाध्यक्ष

अनुरोधक
मल्लरानी गाउँपालिका - ३ वडा परिवार, प्यूठान

# रायोको साग उब्जाउने सोच छ ? भाग २

## -जानकारी

**२३) रायोको एउटा जात लगाउादा एदाकदा अर्कै जातको गुणरचरित्र देखिन्छ किन ?**

-यो खुल्ला सेचित वाली भएकोले श्रोत नखुलेको, गुणस्तर नरोकिएको, लेवलिङ्ग नगरिएको वीउ प्रयोग गर्दा यस्ता समस्या देखा पर्दछन् । यस्तो समस्या नआओस भन्नका लागि प्रथमत वीउ उत्पादनमा पृथकता दूरी कायम गरी उत्पादन गरिएको वीउ प्रयोग गर्नु पर्दछ।

**२४) तुसारो वा ज्यादा ठण्डाबाट जोगाई रायो खेती गर्ने कुनै तरिका छ ?**

-असामान्य तापक्रम (शुन्य डिग्री सेल्सीयस वा सो भन्दा तल) गिरावटले रायोको पातको वृद्धि ढीला भई कक्रेर वसेको हुन्छ। लामो अवधि सम्म यस्तो अवस्था आईपर्ने ठाउँहरुमा प्लाष्टिकको घर निमार्ण गरी तथा चिसो सहने जातहरु लगाई समस्यावाट पार पाउन सकिन्छ।

**२५) कुन कुन तत्वको अभावमा रायोको पातहरू खुम्चिने गर्दछन् ?**

-खास गरी म्यागिनज, म्याग्नेशियम तथा क्याल्सीयम जस्ता सुक्ष्म तत्वको कमीका कारणले यस्तो समस्या देखिन्छ । यस्ता समस्या विरुवामा यी तत्वहरु समावेश भएका मलहरु पातमा छरेर केही हद सम्म समाधान गर्न सकिन्छ।

**२६) रायो साग सारेपछि कति दिन सम्ममा टिप्न तयार हुन्छ ? टिप्दा**



**खेरी कस्ता कस्ता पात र कसरी टिप्नु पर्दछ ?**

-रायो साग वाली रोपेको ३०-४० दिनमा पहिलो टिपाई गर्न सकिन्छ।त्यसपछि प्रत्येक १०-१५ दिनको फरकमा करीव १०० दिन सम्म टिप्न सकिन्छ । पात टिप्दा वीचको पात टिप्नु हुदैन।साईज भएका कलिलो र कोमल वाहिरका पातहरु टिप्नु पर्दछ। सही समय चोटपटक नलगाई हलुका तवरले टिप्दा नयाँ पात पलाउने र टिपाईको पटक समेत वढ्छ।

**२७) रायो टिपे पश्चात राम्रो मूल्यमा विक्रि गर्न यसको ग्रेडिङ्ग तथा प्याकिङ्गमा के सावधानी अपनाउनु पर्दछ ?**

-रायो साग सकेसम्म वेलुकीपख सफा मौसममा टिपी संख्याको आधारमा मुठ्ठा पारी हावादार कोठामा राख्नु पर्दछ। यसरी ग्रेडिङ्ग गरेको सागले वढी मूल्य पाउँदछ।

**२८) सागबाली सकेसम्म ताजा उपभोग गर्न राम्रो हो तर भण्डारण गर्नेपर्ने अवस्थामा कति तापक्रम र आर्दतामा कति दिन सम्म राख्न सकिन्छ ?**

-सागवाली लामो अवधिसम्म भण्डारण गर्न सकिन्न तथापि ० डि.से. तापक्रममा ९०५ सापेक्षित आर्द्रता कायम गरेर ५-२० दिन सम्म भण्डारण गर्न सकिन्छ। लामो अवधि भण्डारण गरेर राखेको साग स्वादिलो हुँदैन।

**२९) रायो साग प्रति रोपनी कति सम्म उत्पादन गर्न सकिन्छ ?**

-सिफारीस अनुसारको जात, मलखाद तथा अन्य व्यवस्थापकीय पक्ष ठीक हुँदा ३०००-५००० के.जी. प्रति रोपनी उत्पादन गर्न सकिन्छ।

**३०) के रायो सागलाई प्याकिङ्ग गर्न जरूरी हुन्छ र कसरी प्याकिङ्ग गर्नु पर्दछ ?**

-रायोको साग कलिलो अवस्थामा विक्रि गर्नु पर्ने हुँदा टुट्न नपाओस दागी नलागोस भनेर राम्रो प्याकिङ्ग गर्न जरुरी हुन्छ । नेपालमा प्रायः डोको खर्पनमा राखेर वा ती खर्पन डोकोलाई प्लाष्टिकको क्रेटमा राखेर वजारमा पुर्यायउने चलन छ । यदाकदा प्लाष्टिक क्रेटमा राखेर ढुवानी गरेको पनि पाईन्छ, जो ढुवानीको हिसावले प्रभावकारी देखिन्छ।

**३१) रायोको साग टिपिसकेपछी इथाईलिन उत्पन्न गर्ने वालीहरूसाग सागै राख्नु हुादैन किन ?**

-रायो सागले नगन्य मात्रामा मात्र इथाईलिन रिलिज गर्दछ र इथाईलिनको ज्यादै सिन्सेटिभ हुन्छ।अतः इथाईलिन रिलिज गर्ने वाली सँग सँगै राख्दा छिट्टै ओइलिने र पहेँलिने हुन्छ।

**४२) रायोमा भाइरस रोगका लक्षणहरू यस्ता हुन्छन् ? यसको व्यस्थापन कसरी गरिन्छ ?**

-यस रोगको कारणले पातहरुमा टाडेपाटे रंग देखिन्छ र नसा पहेलिन्छ रोग वढ्दै गएपछि पात पूर्ण पहेँलो भई नसाहरुको वीचमा विभिन्न आकारका हरियो उठेका भागहरु देखिन्छन्। यसको व्यवस्थापन हेतु रोगी विरुवाहरु उखेलेर जलाउने, रोग मुक्त वीउ/वेर्ना प्रयोग गर्ने तथा चुसाहा प्रकृतिका कीराहरुलाई नियन्त्रण गर्नु पर्दछ।

**३३) कहिले काहीा नर्सरीमा रायोका विरुवाहरू फेदै कुही ढल्ने गर्दछन् के कारणले होला र यसको व्यवस्थापन कसरी गरिन्छ ?**

-रायोको वेर्ना राखेको ठाउँमा पानीको निकास नहुँदा वढी निस्यान रहने, वेर्ना वाक्लो हुँदा वढी समस्याको रुपमा देखिन्छ । यो ढुसीवाट उत्पन्न हुने रोग हो । जसले गर्दा वेर्नाको फेद कुहिन्छ र वेर्ना ढल्दछ।

**३४) रायो खेती लगातार एउटै खेत वारीमा लगाउादा वोटहरूको वृद्धि नहुने, दिउसो ओइलाउने तर विहान वेलुका सामान्य देखिने के कारणले होला ? यस्तो हुनवाट कसरी वचाउन सकिन्छ ?**

-यो ढुसीको कारणले उत्पन्न हुने रोग हो।यस रोगले आक्रमण गरेपछि रायोका जरामा गाँठाहरु विकसीत हुन्छन् र वृद्धि विकास रोकिन्छ। प्रारम्भमा ऐजेरु वा जरामा देखिने वोटको जुकाका लक्षणको आभास हुन्छ।यसको व्यवस्थापनका लागि उही परिवार वाहेकका वालीहरुको घुम्ती वाली प्रणाली अपनाउने, माटोको पि.एच.मान ७ भन्दा वढी राख्ने तथा नेविजिन नामक विषादी १ के.जी. प्रति रोपनिका दरले वालीमा लगाउनु पहिले प्रयोग गर्नु पर्दछ।

**बाँकी अंश अंक ८ मा प्रकाशन गरिएको छ।**

# निसानामा...

हतार गरिरहेका सामाजिक यथार्थहरू प्रशस्तै छन्। कतै विवाह सम्बन्धभित्र त कतै मन्जुरीमै ललाईफकाई प्रेमको बहानामा या जबरजस्ती किशोरीहरूमाथि यौन शोषण भइरहेकै छ।

**यौनाकर्षण र शोषणको मनोविज्ञान**

एकातर्फ शिव शर्मासँगको अनमेल विवाहलाई पनि समाजमा जायज ठहर गर्ने सामन्तवादका अलिखित कानुनहरूको धङधडीबाट नेपाली समाज र यौनमा पुरुष मानसिकता बाहिर निस्किन सकिरहेको छैन (प्रेम या विवाह गर्न आफूभन्दा धेरै सानो उमेरकी केटी खोज्दै हिँड्नु यसको एउटा दृष्टान्त हो) भने, अर्कातर्फ पुँजीवादले विशेष महत्त्वका साथ अघि सारेको कथित 'भर्जिनिटी' वा कुमारित्व खोज्ने मनोरोगी मानसिकताका कारण सिकारीहरू योजनाबद्ध रूपमै कानुनले समेत वर्जित गरेको अठार वर्ष नपुगेका बालिकाहरूप्रतिको आकर्षण बढ्दो छ। एउटै व्यक्तिले एकपछि अर्को गरेर दर्जनौं किशोरीलाई आफ्नो रहर पूरा गर्ने माध्यम बनाइरहेको पनि देखिन्छ। एकातर्फ, पुँजीवादी बजारले छ्यापछ्याप्ती उपलब्ध गराइरहेका पोर्न सिनेमा र विभिन्न कामुक चित्रसहितका यौन साहित्य हातहातमा उपलब्ध प्रविधिको सहायतामा हेर्दै-सुन्दै आइरहनाले बालबालिकामा यसप्रति कौतूहल र चासो बढ्दै जाँदा अनुपयुक्त उमेरमै पनि यौनप्रति चासो देखाउने नयाँ पुस्ता दिनानुदिन बढ्दै गइरहेको देखिन्छ। अर्कातर्फ, यसै कौतूहललाई 'क्याप्चर' गरेर कलिला बालिकाहरूको मनोविज्ञानसँग खेल्न उद्यत यौन शोषण गर्ने आपराधिक चिन्तन बोकेका पुरुषहरूको जमात पनि ठूलै छ। त्यस्तो पुरुष जमातले क्रमिक रूपमा थुप्रै बालिकालाई भावनात्मक बहकावमा पारी झुक्याएर या विभिन्न प्रलोभनमा पारेर या मन्जुरी नै लिएर पनि यौन उत्तेजनाको सिकार बनाइरहेको छ। कसैको कथित कुमारित्व भङ्ग गरेर पुरुषवादी दम्भमाथि न्याय गरेको ठहर गर्दै क्रमिक रूपमा यस कार्यलाई अझ अघि बढाउँदै हिँड्ने गरेको पाइन्छ। पछिल्लो समय बाहिरिएका पल शाह र सन्दीप लामिछानेका घटना त प्रतिनिधि मात्रै हुन्, जो आफ्नो लोकप्रियतालाई हतियार बनाएर फ्यान फलोइङका माध्यमबाट आफूप्रति विश्वास र लगाव भएका नाबालिगहरूलाई प्रभावमा पारी होसियारीपूर्वक किशोरी करणीजस्तो आपराधिक गतिविधिमा संलग्न भएका देखिन्छन्। थाहा छैन, किशोरीहरूलाई आफ्नो आहार बनाउने यस्ता सिकारी मानसिकताहरू कति सक्रिय छन् र दिनहुँ कति किशोरीहरू यस्ता पुरुषहरूको यौन आहार बनिरहेका छन् !

समग्रमा यस्ता खाले चिन्तन पितृसत्तात्मक सामाजिक संरचनाबाटै निर्देशित छ। जसले बहुस्त्री-गमनका आधारमा पुरुषको मर्दपनलाई 'जज' गर्छ। महिलाको हकमा विवाहपूर्वको यौन सम्बन्ध वर्जित र सम्बन्धमा एकनिष्ठताको माग गर्ने सामन्ती पितृसत्ताले 'मर्दकी सयवटी' भनी स्त्री सत्त्याका आधारमा पुरुषको मर्दानगीको आडम्बरलाई छुट दिन्छ। यही सामाजिक संरचनाले त्यस्ता पुरुषहरू निर्माण गरिरहेको छ, जो सत्त्यामा कति, कस्ता, कुन उमेरका र कस्तो शारीरिक बनोट भएका महिलाहरूसँग शारीरिक सम्बन्ध स्थापित गर्न सकिन्छ भन्ने होडबाजीमा छन्। यसलाई सान बनाएर व्यापक प्रचार गर्ने र आफ्नो पुरुषत्वको दावा गर्ने परिपाटी पनि त्यत्तिकै विकास भइरहेको छ। मुख्यतः महिलाको हकमा विशेष महत्वका साथ ल्याइएको कुमारित्व, जसका नाममा असत्त्य नाबालिग यौन शोषणको सिकार भएका छन्, त्यस खाले विषाक्त सोचयुक्त पुरुषहरू नियतवश नै योजनाबद्ध रूपमा कमभन्दा कम उमेरका बालिकाहरूको यौन शोषण गर्दै हिँडिरहेका छन्। ओरेक नेपालले मे २०२२ मा गरेको अध्ययन अनुसार कुल बलात्कृतमध्ये ४० प्रतिशत नाबालिग छन्। प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८-७९ मा १,५६० जना नाबालिग बलात्कारको सिकार भएका छन्। निरन्तरको खबरदारी र प्रतिरोधका बावजुद नाबालिग बलात्कारको यो डरलाग्दो तथ्याङ्क हो।

**हिंसा-संरक्षकहरूको डरलाग्दो चित्र**

नाबालिग बलात्कारजस्तो जघन्य अपराधमा मुछिएका व्यक्तिहरूको महिमा गाउँदै तिनको रिहाइका निम्ति सडक तातेको उदाहरण हाम्रै देशमा पाइन थालेको छ। जब देशका 'सेलेब्रिटी' हरूबाट हरेक पटक नाबालिग बलात्कारको मुद्दा दर्ता हुन्छ तब पक्ष-विपक्ष गरी मत विभाजन हुनुसम्मलाई त सामान्य रुपमा लिन सकिएला, तर कानुनलाई समेत चुनौती दिएर अभियुक्त बचाउन देशैभर नाराजुलुससहित ' आई एम विद यु' भन्दै अभियान सञ्चालन हुनु महिला हिंसाप्रतिको सामाजिक दृष्टिकोणमा सानोतिनो समस्याको कुरा होइन। कानुनले स्वयम् नाबालिगसँग न मन्जुरीमा न त जबरजस्तीमै, जसरीसुकै यौन सम्बन्ध राख्नु करणी नै हुन्छ भनेर स्पष्ट पारिसकेको अवस्थामा, बालिकाहरूलाई उनीहरूकै इच्छामा भए पनि यौनकार्यमा संलग्न गराउन नहुने र त्यसमा होसियारी देखाउनुको साटो उल्टै पीडितलाई नै पेसेवर भन्दै मान्छे फसाउने गिरोहमा संलग्न भएको आरोप लगाउने कार्यमा समेत केही गायक तथा कलाकारहरू नै अग्रपङ्क्तिमा उभिए, निकृष्टताको हद पार गरेर।

लिखित कानुन महिलाहरूका निम्ति उदार देखिए पनि त्यसको व्यावहारिक पाटो त्यति प्रभावशाली हुन सकिरहेको छैन। चाहे त्यो निर्मला हत्याकाण्ड होस् या दर्जनौं किशोरी बलात्कारका मुद्दा नै किन नहोऊन्, अझै पनि सुनुवाइविहीन छन्। अपराधीहरू कानुनको दायरामा आउन सकेका छैनन्। यस्तो अवस्थामा पितृसत्तात्मक संरचनामा आधारित देशको कानुन नै शक्ति र सामर्थ्यका अघि नतमस्तक भएर विपन्न वर्ग तथा लिङ्गप्रति अनुदार हो कि भन्ने आशङ्का उब्जिने गरेको छ। पीडितहरूमाथिको सामाजिक दृष्टिकोणको चित्र झनै भयावह छ। कसैले म हिंसामा परें भन्दै गर्दा उसको आवाजलाई मुखर बनाउनासाथ सहयोग त परको कुरा, उसको दुःखमा सहानुभूतिसम्म प्रकट गर्न नसकी उल्टै पीडितलाई नै अनेक प्रकारले आरोपित गरी निरुत्साहित गर्नेहरूमा कथित पढेलेखेकै अगुवाहरू अग्रपङ्क्तिमा देखिन्छन्।

'मन मिल्दा चमत्कार, नमिल्दा बलात्कार', 'प्रतिकार उति बेलै नभएर अहिले किन', 'सहमतिमै भएको सम्बन्ध कसरी बलात्कार' जस्ता भाष्य र प्रश्नहरू निर्माण गरेर पीडितमाथि सहनै र सुन्नै नसकिने गरी चरित्रहत्याको सिलसिला चलिरहेकै छ। हरेक पटक हिंसाविरुद्ध आवाज उठाउने महिलाहरू सामाजिक सञ्जालमा उपस्थित यस्ता खाले गिरोहको सामूहिक प्रहारबाट गुज्रिन बाध्य छन्। 'जङ्गलमा, झाडीमा, बाटोमा रोइकराइ गरेको पो बलात्कार; दिनभरि सँगै घुमेर होटलमा पुगेपछि कसरी बलात्कार', 'देशको कानुन दैवले जानून्' जस्ता टुक्का कथेर कानुनको समेत खिल्ली उडाई आफ्नो मनोभावना व्यक्त गरिरहेका पनि प्रशस्तै भेटिन्छन्। अझै कति त कानुन नै संशोधन गर्नुपर्ने बहस पनि सिर्जना गरिरहेका छन्। उमेर हदको कानुनलाई लिएर अठार वर्षमुनिका बालिकाहरूप्रति 'कसैलाई फसाउन पासो थापिरहेको जाल' भन्नेजस्ता उपहास र व्यङ्ग्यले यति बेला सामाजिक सञ्जालहरू भरिएका छन्। खासमा चिच्याईचिच्याई यस्तो कुतर्क गरिरहेकाहरूको पनि तीभित्र सुषुप्त रूपमा रहेको बलात्कारी छवि धरमराइरहेको हो। हठात् यस्ता अभिव्यक्तिहरू पहिले चोरले नै खुट्टा उचालेजस्तै भोलि आफैंमाथि पनि सङ्कट आइलाग्छ कि भन्ने चिन्ता र डरले निम्त्याएको बुझ्न गाह्रो छैन। यथार्थमा यो नाबालिगले इच्छा नै देखाए पनि हामी सम्हालिन सक्छौं भन्ने आत्मविश्वास डगमगाउनुको परिणति हो।

यस्ता ट्रोल र व्यङ्ग्य गर्नुको साटो सबैले बुझ्नुपर्ने के हो भने, नाबालिग यौन सम्बन्ध कानुनतः अपराध हो। त्यहाँ सहमति भन्ने विकल्प नै छैन। शारीरिक र मानसिक रूपमा बदलिँदै गरेका किशोरीहरूले निकटता देखाउँदैमा या इच्छा प्रकट गर्दैमा शारीरिक सम्बन्ध स्थापित गर्नुभन्दा अघि उमेर पुगेका परिपक्व पुरुषहरूले एक पटक होइन, दस पटक कानुनी दृष्टिकोणले सोचविचार गर्नुपर्ने परिस्थिति बन्नु आवश्यक छ। बालबालिकालाई कच्चा उमेर र सोचको फाइदा उठाएर यौनकार्यमा संलग्न गराउनुको साटो यसबाट टाढा राख्न प्रयत्न गर्नुलाई सबैले नैतिक जिम्मेवारीका रूपमा लिनुपर्छ।

**कान्तिपूर**

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, विजुवार
Email :
jhulenipyuthan@gmail.com

# के हो...

आफ्नो संख्यामा वृद्धि गराउँदछ । तसर्थ हामीले डेंगी रोग फैलन नदिन र यसको नियन्त्रणका लागि उक्त पानी जम्ने ठाउँहरु राम्रोसँग सफा गर्ने र सञ्चित गरेर राखिएको पानीलाई छोपेर राख्नुपर्छ ।

### डेंगी रोग लागेमा के हुन्छ?

डेंगी भाइरस संक्रमित एडिज लामखुट्टेले टोकेको ३-१४ दिन भित्रमा हाम्रो शरिरमा डेंगीको भाइरसहरु फैलन थाल्दछ र बिस्तारै यसका लक्षणहरू देखा पर्दछ। डेंगी रोगको मुख्य तीन चरण अनुसार लक्षणहरु देखिन्छ। फेब्राइल फेज सामन्यतया लामखुट्टेले टोकेको ४-१० दिनपछि उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको वरिपरि दुख्ने, हड्डी, जोर्नी तथा मांसपेशीको दुखाई, वाकवाकी लाग्ने, वान्ता हुने, खाना मन नलाग्ने, कमजोरीपन महसुस हुने, शरीरमा बिमिरा तथा रातो धब्बाहरु देखिने हुन्छ। यदि सुरुवाती फेजमा नै अस्पताल गई उपचार गरेमा बिरामीमा जटिल समस्या देखिदैन ।

### क्रिटिकल फेज

यो फेजमा बिरामीको रगतमा मुख्यतया प्लेटिलेट्सको संख्यामा कमी साथै राता रक्तकोशिका, सेतो रक्तकोशिका, हेमोग्लोविनको मात्रा पनि घट्दछ । प्लेटिलेट्सको संख्या ५०,००० भन्दा कम हुने भएका बिरामीमा ब्लिडिङको समस्या जस्तैः नाक तथा मुख/गिजा तथा छालाबाट रगत आउने, दिसामा रगत देखिने जस्ता लक्षणहरु देखिन्छ । साथै रगतमा भएको प्लाज्मा(फ्लुइड) रक्तनलीबाट निस्किएर फोक्सो, पेट तथा अन्य अङ्ग हरुमा गएर जम्न सक्छ जसको फलस्वरुप ब्लड प्रेसर घट्ने, हातखुट्टा चिसो हुने र शरिरको विभिन्न भागमा रगतको मात्रा कम भई अर्गान डिस्फङ्सन हुन सक्छ र समयमा नै उपचार नभएमा बिरामी अचेत समेत हुन सक्छ। तर्सथ शरीरमा पानिको मात्रा कम हुन नदिन प्रशस्त मात्रामा सफा पानी पिउनुपर्छ ।

### रिकोभरी फेज

यो फेजमा बिरामीमा इमुनिटी डेभलप हुँदै जान्छ र बिरामी बिस्तारै निको हुँदै जान्छ । बिरामीको शरीरमा बिबिरा देखिने, चिलाउने, कमजोरी महसुस हुने जस्ता लक्षणहरु देखिन्छ ।

### ल्याबोरेटोरी डाइगनोसीस

डेंगी रोगको कुनै औषधि नभएकोले बिरामीमा देखिएको लक्षण र ल्याब रिर्पोटको आधारमा सर्पोटिभ ट्रिटमेन्ट दिइन्छ । तर्सथ डेंगी रोगको लक्षण देखिएमा तुरुन्त अस्पताल गई डाक्टरको सल्लाह अनुसार डेंगीको ल्याब जाँच गर्नुपर्छ। डेंगी ल्याब टेस्ट अन्तरगत डेंगी हो होइन भन्न का लागि डेंगी एन्टिजेन(NS1), एन्टिबडि(IgM,IgG) टेस्ट साथै ब्लड सेल काउन्ट(CBC) टेस्ट गरिन्छ । डेंगी भाइरसको लागि पीसीआर र भाइरल आइसोलेसन पनि गर्न सकिन्छ ।

### डेंगी रोगबाट बच्न के गर्नुपर्छ?

घर वरपर वर्षायामको पानीलाई जम्न नदिने, पानी जमेको पानीमा किटनाशक औषधि तथा क्यारोसिन छर्ने, पानी जम्ने खाल्डा पुर्ने, तथा लामखुट्टे नियन्त्रणका अन्य उपायहरु अपनाउने ।

**(थापा महाराजगञ्ज चिकित्सा क्याम्पसमा बीएस्सी एमएलटी चौथो वर्षमा अध्ययनरत छिन्।)**

# प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९ भाद्र ३१ गते**

**आर्थिक वर्ष०७९/८० को स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरू संचालन गर्न इच्छुक कृषक/फार्म/कम्पनी/समूह/समिति र सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन (मिति २०७९/०७/०३गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।**

**तपशिल**

| सुचना नं. | कार्यक्रमहरुको नाम | संचालन गर्न सकिने क्रियाकलापहरू तथा मापदण्ड अनुदान (सिमा रकम/ प्रतिशत) | बजेट रू. लाखमा | कार्यक्रम सचालन हुने स्थान |
|---|---|---|---|---|
| ०७९/८०-१ | तरकारी प्रवर्द्धन कार्यक्रम (माण्डवी गा.पा.-२) | कृषि तथा पशुपन्छी बिकास कार्यक्रम संचालन कार्यबिधि, २०७९ मा ब्यवस्था भए बमोजिम हुनेछ। | १५ | माण्डवी गा.पा.-२) |
| ०७९/८०-२ | बाख्रा प्रवर्द्धन कार्यक्रम | | २० | जिल्ला भरी |
| ०७९/८०-३ | सिचाई सहित कृषि बिकास कार्यक्रम | | ९० | जिल्ला भरी |
| ०७९/८०-४ | बाख्रा प्रवर्द्धन कार्यक्रम ( स्वर्गद्वारी न.पा.) | | १० | स्वर्गद्वारी न.पा |
| ०७९/८०-५ | बालीबस्तु बिशेष प्रवर्द्धन कार्यक्रम (तोरी, रायो बिउ, मौरी, सुन्तला जात, अदुवा, बेसार र बाख्रा | | ३० | जिल्ला भरी |
| ०७९/८०-६ | सुन्तलाजात फलफुल प्रवर्द्धन कार्यक्रम (माण्डवी गा.पा.-२ | | १५ | माण्डवी गा.पा.-२ |
| ०७९/८०-७ | ओखर प्रवर्द्धन कार्यक्रम (नौबहिनी र गौमुखी गा.पा.) | | २० | (नौबहिनी र गौमुखी गा.पा.) |
| ०७९/८०-८ | बर्षे आलु प्रवर्द्धन कार्यक्रम (नौबहिनी र गौमुखी गा.पा.) | | ५ | (नौबहिनी र गौमुखी गा.पा.) |
| ०७९/८०-९ | माहुरीपालन कार्यक्रम सरुमारानी-५ | | ५ | सरुमारानी-५ |
| ०७९/८०-१० | मागमा आधारित ब्यवसायिक कृषि/ पशुपन्छी बिकस कार्यक्रम | | २० | जिल्ला भरी |
| ०७९/८०-११ | बिउ आत्म निर्भर कार्यक्रम मकै गहुं | | १० | जिल्ला भरी |
| ०७९/८०-१२ | ग्रामिण कुखुरापालन तथा बिस्तार | | २० | जिल्लाभर |
| ०७९/८०-१३ | नमुना एकिकृत सामुदायिक कृषि कम्पनी स्थापना, प्यूठान न.पा., झिमरुक फाँट | | २० | प्यूठान न.पा., झिमरुक फाट |
| ०७९/८०-१४ | चिसोपानीमा माछापालन (नौबहिनी गा.पा.) | | १० | नोबहिनी गा.पा. |
| ०७९/८०-१५ | कुलबुट निर्माण झिमरुक गा.पा. अहालखोला | | ७ | झिमरुक गा.पा. अहालखोला |
| ०७९/८०-१६ | तरकारी बिउ उत्पादन गौमुखी गा.पा. | | १० | गौमुखी गा.पा. |
| ०७९/८०-१७ | बाख्रा स्रोतकेन्द्र स्थापना सहयोग माण्डवी गा.पा. | | १० | माण्डवी |

**पुनश्चः आवश्यक कागजात तथा सचालन मापदण्डका लागि यस कार्यालय, सम्बन्धित पालिकाको कृषि तथा पशुपन्छिशाखामा सम्पर्क गर्न सकिने छ । कार्यक्रम संचालन कार्यविधिर बजेट सिमामा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ । साथै माथि उल्लेखित कार्यविधिहरू, सूचना तथा आवेदनको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट http://ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।**

**अनुरोधक**

# एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान